# मेयर पराजुलीको कार्यशैलीविरुद्ध युवाहरू सडकमा

हरिहर नेपाल, विराटनगर



विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीविरुद्ध युवाहरू सडकमा उत्रिएका छन्। आफूनिकट व्यक्तिको घर-घरमा पुगेर कोरोनाविरुद्धको खोप लगाएको भन्दै युवाहरू सडकमा उत्रिएका हुन्। युवाहरूले महानगरपालिका अगाडि प्रदर्शन गर्दै मेयर पराजुलीविरुद्ध चर्का नारासमेत लगाएका थिए। ५० वर्षभन्दा माथि उमेर समूहका नागरिकलाई महानगरका सबैजसो वडामा खोप लगाउने कार्य भइरहेको छ।

महानगरका अन्य नागरिकहरू घाममा घन्टौंसम्म लाइन बस्दा पनि खोप नपाइरहेको अवस्थामा मेयर पराजुलीकै अग्रसरतामा आफूनिकटका व्यक्तिलाई घरमै पुगेर खोप लगाउनु विभेद भएको युवाहरूको आरोप छ।

पराजुली बुधबार राति कोरोनाविरूद्धको खोप बोकेर विराटनगर-५ स्थित आफूनिकट विमल राजभण्डारीको घरमा पुग्नुभएको थियो। आफू निकट विभिन्न वडाका व्यक्तिहरूलाई बोलाएर खोप लगाइरहेको थाहा पाएपछि स्थानीय युवाले होहल्ला गरेका थिए। युवाहरूले होहल्ला गर्न थालेपछि मेयर पराजुली भन्सार एजेन्ट प्रवीण जोशीको गाडी चढेर भागेका थिए। राजभण्डारी र जोशी दुवै कांग्रेसका नेता हुन्। मेयर पराजुलीको कार्यशैलीले सिंगो कांग्रेसकै बेइज्जत भएको कांग्रेसका युवा नेता दीपक चापागाईं बताउनुहुन्छ।

यसअघि पनि उद्योगी व्यवसायीको घरमै पुगेर कोरोनाविरुद्धको खोप लगाएको भन्दै विरोध भएको थियो। युवाहरूले 'खोप सबैको नैसर्गिक अधिकार हो', 'हाम्रो खोप खोई', 'अग्रभागमा खटिएकाहरूलाई प्राथमिकता दे'लगायतका नारा लेखिएको प्लेकार्ड बोकेर प्रदर्शनमा उत्रिएका थिए। मेयर पराजुलीको कार्यशैली नसच्चिए कडा आन्दोलनमा उत्रिने युवा आकाश घिमिरेले चेतावनी दिनुभयो।

घटना भएपछि राति नै मेयरका प्रेस संयोजक कौशल निरौलाले मेयरलाई मुछेर हल्ला गर्नुभन्दा वास्तविकता बुझ्न जरुरी हुन्छ भन्नै विज्ञप्ति जारी गर्नुभएको थियो। विज्ञप्तिमा भनिएको छ -'मेयर भीम पराजुली त्यस ठाउँमा हुनुहुन्न थियो। हल्लाको भरमा बढेको नकारात्मक शैली नै आजको दिनमा बिडम्बना हो। राजनीति गर्न खोज्छु र नेतृत्व गर्छु भन्नेको हालत पनि देखियो।'

यता घटनाका विषयमा प्रतिक्रिया दिँदै मेयर पराजुलीले भने आफू घटनास्थलमा नगएको र कसैलाई खोप नदिएको दाबी गर्नुभएको छ। उहाँले कांग्रेसको नजिकिँदै गरेको चुनावमा आफूलाई बदनाम गर्न गलत प्रचार गरिएको बताउनुभयो। महानगरपालिकाले कुनै पनि नागरिकहरूलाई कोरोना विरूद्धको खोप नलगाएको र खोप लगाउन महानगरपालिकाबाट कुनै स्वास्थ्यकर्मी पनि नगएको उहाँले प्रष्ट पार्नुभयो। आफू संलग्न नभएको घटनामा जोडेर आफू विरुद्ध युवाहरूले प्रदर्शन गरेको पराजुलीको भनाइ थियो। घटनाको विषयलाई लिएर सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत व्यापक विरोध भएपछि पराजुलीले विज्ञप्ति निकालेर घटनास्थलमा आफू उपस्थिति नरहेको प्रस्टीकरण दिनुभएको छ।

## प्रधानसेनापतिद्वारा निरीक्षण

काठमाडौं, (नेस)

प्रधानसेनापति पूर्णचन्द्र थापाले साउन १ गतेदेखि सञ्चालनमा आएका कमाण्ड हेडक्वार्टरहरूको निरीक्षण गर्नुभएको छ। यस क्रममा उहाँले साउन ७ गते पूर्वी कमाण्ड हेडक्वार्टर हिले, १० गते मध्य कमाण्ड हेडक्वार्टर. पोखरा,. १२ गते उपत्यका कमाण्ड हेडक्वार्टर.नारायणहिटी र १४ गते पश्चिम कमाण्ड हेडक्वार्टर सुर्खेतको भ्रमण गर्नुभएको छ। भ्रमणको दौरान साउन प्रधानसेनापति थापाले धनकुटास्थित निशान भगवती मन्दिरको पूजा तथा शिलालेखसमेत अनावरण गर्नुभएको थियो।

साथै, उक्त भ्रमणको दौरान उहाँले कमाण्ड हेडक्वार्टरहरूमा फौजको तैनाथीको वर्तमान अवस्था, जिम्मेवारी इलाकामा कमाण्ड अवधारणाको समयसीमासहित कार्यान्वयन योजना, प्रदेशहरूसँगको समन्वयको व्यवस्था, विद्यमान चुनौती तथा समाधानका उपायहरूसम्बन्धी जानकारी हासिल गर्नुभएको थियो।

## व्यवसायीको मागप्रति सरकार गम्भीर

सुर्खेत, (नेस)

कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री यज्ञबहादुर बुढाक्षेत्रीले होटल व्यवसायीका मागप्रति सरकार गम्भीर रहेको बताउनुभयो।

व्यवसायीको मागपत्र बुझ्दै मन्त्री बुढाक्षेत्रीले कोरोना महामारीको चपेटामा होटल व्यवसाय क्षेत्र पनि परेकोले प्रदेश सरकारले यसलाई माथि उकास्नेखालका कार्यक्रमहरू ल्याउने जानकारी दिनुभयो।

कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप होटल व्यवसायीहरूलाई पनि लगाउन मन्त्रालयले पहल गर्ने बताउनुभयो। 'अहिले हाम्रो प्राथमिकता भनेको नागरिकको स्वास्थ्य हो, त्यसैले सबै नागरिकलाई खोप लगाउने लक्ष्य छ, सोहीअनुसार स्वास्थ्यकर्मी, सञ्चारकर्मी, जेष्ठ नागरिक, सफाईकर्मी र शिक्षकले खोप लगाउने काम भइरहेको छ'- उहाँले भन्नुभयो।

होटल व्यवसायी र यहाँ काम गर्ने कर्मचारीहरू पनि कोरोनाको जोखिम हुने भएकोले केन्द्र सरकारसँग समन्वय गरी खोप लगाउन प्रदेश सरकारले आवश्यक पहल गर्ने जानकारी दिनुभयो।

# कर्णालीका होटल व्यवसायीद्वारा राहत माग

दीपेन्द्र शर्मा, सुर्खेत

सुर्खेतका होटल व्यवसायीले कर्णाली प्रदेश सरकारसँग राहतको माग गरेका छन्।

होटल व्यवसायी संघ सुर्खेतले बिहीबार कर्णालीप्रदेश सरकारलाई आफ्नो मागपत्र बुझाउँदै कोरोनाका कारण थला परेको होटेल व्यवसायलाई उकास्न राहतको माग गरेका हुन्।

कोरोनाकै कारण दुई वर्षदेखि होटल व्यवसाय थला परेकोले आवश्यक नीति तथा कार्यक्रमबाट राहत दिन सरकारसँग अनुरोध गरेको होटल व्यवसायी संघ सुर्खेतका अध्यक्ष गोरख रावतले जानकारी दिनुभयो। 'विगत दुई वर्षदेखि हामी थला परेका छौं,राज्यले पनि हामीबाट कर लिने बेला लिन्छ, तर अहिले हामी समस्यामा पर्दा केही राहत दिन सक्दैन'-उहाँले भन्नुभयो।

कोरोना महामारीको यस्तो अवस्थामा खोप पनि दिन कञ्जुस्याइँ गरिरहेको भन्दै अध्यक्ष रावतले व्यवसायीहरूलाई खोपको व्यवस्था गर्न सरकारसँग माग गरिएको बताउनुभयो। अध्यक्ष रावतका अनुसार सुर्खेतमा मात्र एक हजार दुई सय ५० होटलहरूमा पाँच हजार कर्मचारीहरू रहेका छन्। कर्णालीका होटल व्यवसायी र त्यहाँ काम गर्ने कर्मचारीहरूलाई कोरोना विरुद्धको खोप लगाउनुपर्ने मागसमेत गरिएको रावतले जानकारी दिनुभयो।

### बाँकेमा...

मानसरोवर, रारा, से फोक्सोण्डो, स्वर्गद्वारी, बर्दिया राष्ट्रिय निकुञ्ज जाने पर्यटकहरू नेपालगन्ज भएर जाने गर्दछन्। यी ठाउँमा जाने पर्यटकको सेडुलमा बाँके राष्ट्रिय निकुञ्ज पर्ने गरेको छैन। नेपालगन्ज भएर यस क्षेत्रका विभिन्न पर्यटकीय क्षेत्रमा जाने पर्यटकलाई बाँके राष्ट्रिय निकुञ्जमा एक दिन मात्रै होल्ड गराउन सकेमा यहाँको पर्यटकीय विकासमा टेवा पुग्ने पर्यटन प्रवर्द्धन मञ्च, बाँकेका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो।

बाघ बढ्दै गर्दा मानिसको टकराव बढेको छ। बाघलाई बढाउनु जति चुनौती रहेको छ, त्यति नै चुनौती त्यसलाई बचाउनुरहेको छ। निकुञ्जका सहायक संरक्षण अधिकृत महेश न्यौपानेले वन्यजन्तु संरक्षणका लागि घाँसेमैदान, पानीपोखरी, वनपथ, तारबार, अग्निरेखा निर्माण, पोस्ट स्थापना गरेको जानकारी दिनुभयो।

निकुञ्जका लागि सधैंको चुनौती बन्ने गरेको चोरी शिकारी नियन्त्रण, मानव वन्यजन्तु टकराव, राजमार्ग तथा सिक्टा नहरमा जनावरको दुर्घटनालाई रोक्न लागिपरेको सहायक संरक्षण अधिकृत न्यौपानेले बताउनुभयो। सडक दुर्घटना र नहरमा डुबेर ६८ वटा जनावरको मृत्यु भएको छ भने २९ वटा वन्यजन्तुको उद्धार गरिएको छ।

सरकारले सय वटा पर्यटकीय क्षेत्र घोषणा गर्दा यो निकुञ्ज ५७ नम्बरमा परेको छ। पर्यटकीय क्षेत्रमा परे पनि पर्यटकको नजर परिसकेको छैन। अहिलेसम्म यहाँ थोरै मात्रै विदेशी पर्यटकले अवलोकन गरेका छन्। आन्तरिक पर्यटकको रोजाइ बन्न थालेको छ। निकुञ्जमा हात्तीसफारीको व्यवस्था रहेको छ। यस क्षेत्रमा प्रायः भारतीय पर्यटक आउने गर्दछन्। नेपालगन्ज मुख्य प्रवेशद्वार मानिन्छ। भारतीय शहरहरूमा निकुञ्जको प्रचार-प्रसार गराउन सकेमा पर्यटक बढ्ने विश्वास गरिएको छ।

### रक्तसञ्चार...

गत आर्थिक वर्षमा रक्तसञ्चार सेवाले देशभरिबाट २ लाख ३८ हजार ८ सय ३६ युनिट रगत संकलन गरी ३ लाख २१ हजार ७ सय ७६ युनिट रगत र रक्ततत्व वितरण गरेको कार्यक्रममा बताइयो।

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) स्थापना भएको तीन वर्षपछि अर्थात् विसं २०२३ साउन १२ गतेबाट शुरू भएको नेपाल रेडक्रस रक्त सञ्चार सेवाले पहिलो वर्ष जम्मा १ सय ५७ युनिट रगत संकलन गरेको प्रतिवेदनमा उल्लेख छ। कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटीका महामन्त्री पिताम्बर अर्यालले स्वयंसेवी रक्तदाता र रक्तदान गर्ने संघ-संस्थालाई धन्यवाद व्यक्त गर्दै रक्तसञ्चार सेवाको दीर्घकालीन विकासका लागि सबै क्षेत्रसँग हातेमालो गरी अगाडि बढ्नुपर्ने बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले नेपालको जनसंख्याको २ प्रतिशतले मात्रै पनि नियमित रक्तदान गर्न सके आवश्यक परेको समयमा रगत सहजै पाउन सकिने भएकाले थप रक्तदान उत्प्रेरणा बढाउनुपर्नेमा जोड दिनुभयो।

नेपाल रेडक्रस सोसाइटीले काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवाको अलावा विराटनगर, भरतपुर, पोखरा, नेपालगंज र धनगढी गरी ५ स्थानमा प्रदेश रक्त सञ्चार सेवा सञ्चालन गरिरहेको छ। यसै गरी २२ जिल्लामा जिल्लास्तरीय विभिन्न जिल्लाको ४१ स्थानमा आकस्मिक र विभिन्न ४९ वटा अस्पतालबाट पनि रक्तसञ्चार सेवाले आफ्नो सेवा प्रदान गर्दै आएको नेरेसोले जनाएको छ। नेरेसोका अनुसार नेपालको ७० जिल्लाका १ सय १७ स्थानमा रक्तसञ्चार सेवा केन्द्र तथा एकाइहरू क्रियाशील छन्।

# सकारात्मक सूत्रले भरिएको कृति




काठमाडौं, (नेस)

किताबहरू केका लागि पढ्ने ? किन पढ्ने ? किताब पढेर प्राप्त हुने ज्ञान र चेतनालाई जीवनमा सदुपयोग गर्न कसरी सकिन्छ ? यी र यस्तै प्रश्नहरूको जवाफ नपाएर धेरैमा किताबप्रतिको आकर्षण घट्दै गएको छ। तर, किताब जीवनका धेरै सन्दर्भमा एउटा उत्तम मार्गदर्शक बन्न सक्छ। सही र उपयुक्त किताबको छनोटले ज्ञान र चेतनाको विस्तार मात्र हुँदैन यसले जीवन जिउने सूत्रहरू पनि सिकाउँछ। यस्तै एउटा किताब अहिले बजारमा आएको छ- लेखक खेम शर्माको 'स्वर्णिम रहस्य'।

मानिसले भुल्दै गएको आध्यात्म र नैतिकता सम्झाउन यो किताब सक्षम छ। धन र प्रतिष्ठा कमाउन उद्दत मानिसलाई अनुशासित जीवनप्रति गम्भीर बनाउँछ। बिना संवेदना अघि बढिरहेका मानिसलाई मानवीय संवेदना र सामाजिक सद्भाव सिकाउँछ। संवेदनाहीन बन्दै गएको समाज र यहाँका मानिसहरूमा बढ्दै गएको अनावश्यक प्रतिस्पर्धालाई कम गर्न किताबले प्रयास गरेको छ।

लेखक खेम शर्माले आफ्ना अनुभवहरू र अध्ययनलाई जीवन दर्शनमा ढालेका छन्। यो किताब आधुनिक समयको महत्वपूर्ण आध्यात्मिक पुस्तक हो। यसले हतार र चटारोमा आफ्नो जीवन दर्शन भुलिरहेकाहरूका लागि समयको महत्व बुझाउँछ। आफूलाई चिन्न र आफूभित्रको एक्लोपनालाई सहीरूपमा स्वीकार्न सिकाउँछ। हरेक सम्बन्धको मिठास र सामाजिक जीवन दायित्वभन्दा पर आफूप्रतिको प्रेम र आफूलाई गर्नुपर्ने सम्मान सिकाउँछ।

लामो समयदेखि अस्ट्रेलियामा बस्दै आएका खेम शर्माले लेखेको यो किताब जीवन र समयको महत्व बुझ्न जोकोहीका लागि पनि उपयोगी सावित हुनेछ। मन र मस्तिष्कबीचको सन्तुलन र त्यसले व्यक्तिमा उत्पन्न हुने सकारात्मक ऊर्जालाई स्वर्णिम रहस्यले सम्बोधन गरेको छ। लेखक खेमले स्वर्णिम रहस्यमा मानिसहरूका असन्तुष्टि र अप्ठ्याराहरूलाई व्यावहारिकरूपमा केलाउनुभएको छ। उहाँले किताबमा सहज जीवनका उपयोगी सूत्रहरू समेट्नुभएको छ। युवादेखि वृद्धसम्मका लागि यो किताब उपयोगी छ।

भौतिक सुख सुविधाभन्दा पर मनको सन्तोष र शान्तिलाई किताबले प्राथमिकतामा राखेको छ। यस किताबमा खेमले जीवनका उपलब्धि र सार्थकताहरूलाई सहज बनाउन आवश्यक सूत्रहरू लेख्नुभएको छ। उहाँले किताबमा जीवनको रहस्यलाई लेख्नुभएको छ, मानिसका असीम इच्छा र रहरहरूलाई सम्बोधन गर्नुभएको छ।

*(प्रस्तुति : विनिता दाहाल)*

## खाद्य प्रणालीमा रूपान्तरण जरुरी

काठमाडौं, (नेस)

हरेक ठाउँका बालबालिकाका लागि पौष्टिक, सुरक्षित, किफायती र दिगो आहार पुऱ्याउन सक्ने गरी खाद्य प्रणालीलाई रूपान्तरण गर्नुपर्नेमा संयुक्त राष्ट्रसंघीय नियोग र विश्व खाद्य संगठनले जोड दिएको छ।

संयुक्त राष्ट्रसंघ खाद्य प्रणालीको शिखर सम्मेलनअघि युनिसेफका कार्यकारी निर्देशक हेनरीटा एच फोर र विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) का महानिर्देशक डा. टेड्रोस अडानोम गेब्रियसस्ले संयुक्त विज्ञप्ति जारी गर्दै सबै देशका सरकार र निर्णयकर्तालाई बालबालिका र युवाको आवाजलाई केन्द्रबिन्दुमा राखेर नीति र रणनीतिहरू निर्माण आह्वान गर्नुभएको छ।

विज्ञप्तिमा विश्वव्यापीरूपमा बाल मृत्युदरको प्रमुख कारण रहेको कुपोषणले गर्दा ३ मध्ये १ बालबालिकाको राम्रोसँग विकास हुन सकेको छैन भने २ बालबालिका बढ्न, उनीहरूको विकास हुन र उनीहरूले सिक्नका लागि आवश्यक न्यूनतम विविध आहारहरूको पहुँचबाट वञ्चित रहेको उल्लेख छ।

त्यस्तै, विज्ञप्तिमा बालबालिकामा निरन्तर ख्याउटेपन र चिन्ताजनकरूपमा बढ्दै गएको मोटोपनको समस्या, हालका दशकहरूमा विश्वव्यापीरूपमा खाद्य प्रणालीमा भएका परिवर्तनहरूसहित खाद्यान्न वृद्धि, वितरण, बजार, उपभोग र खाद्यान्नलाई हामीले खेर फाल्ने अभ्यासहरूमा भइरहेका परिवर्तनहरूको फलस्वरूप सबैभन्दा पौष्टिक र सुरक्षित खाना लाखौं परिवारहरूका लागि धेरै महँगो भएको वा पहुँचभन्दा बाहिर पुगेको भन्दै चिन्ता व्यक्त गरिएको छ।

# भूमिहीनको समस्या समाधान गर्न प्रमको ध्यानाकर्षण

पाल्पा, (नेस)

पाल्पा जिल्लामा अव्यस्थित, भूमिहीनहरूको समस्या समाधान गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको छ। जिल्ला भूमिअधिकार मञ्च पाल्पाले प्रधानमन्त्री शेरबहादुर देउवालाई भूमिसम्बन्धी समस्या समाधान आयोगमार्फत अव्यस्थित, भूमिहिनहरूको समस्या समाधान गर्न ध्यानार्कषण गराएको हो। संघठनले पाल्पाका प्रमुख जिल्ला अधिकारी योगेन्द्र प्रसाद पाण्डेमार्फत प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई भूमि व्यवस्थासम्बन्धी आयोग पुनः सक्रिय बनाई काम थाल्न अनुरोध गरेको छ।

पाल्पाका १० वटै स्थानीयतहमा भूमिहीन, अव्यवस्थित बसोबासको अत्याधिक समस्या रहेको, तानसेन, रामपुर, माथागढी, बगनासकाली, तिनाउँ, रैनादेवी छहरा, निस्दीका पालिकाहरूमा यो समस्या उच्च रहेको अवस्थामा जिल्लास्तरीय भूमि व्यवस्थापन कार्यालयबाट लगत संकलन लिई अन्तिम टुङ्गो लगाउने समयमा आयोग र जिल्लास्थित कार्यालयबाट भएका सम्पूर्ण काम कारवाही रोकी, संस्था नै खारेजले समस्या परेको प्रमुख जिल्ला अधिकारी पाण्डेलाई संघठनले ज्ञापनपत्र बुझाउँदै ध्यानाकर्षण गराएको छ।

यो जिल्लाको मात्र नभई देशभरि १७ लाख नागरिकहरूको समस्या भएकाले सरकारले उच्च प्राथमिकता दिएर समस्या समाधान गर्नुपर्ने मञ्चका केन्द्रीय सदस्य दलबहादुर रास्कोटीले बताउनुभयो।

अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं

१) बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।

२) डुवान हुने क्षेत्रहरुमा पानीको बहाब निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं।

३) बाढी तथा पानीको बहाब बढेको जानकारी दिन साईरन जडान, एस.एम.एस. सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## Invitation for Bids

**Katari Municipality**

**Office of the Municipal Executive**

**Katari, Udayapur**

Invitation for Bids for the **[Construction of Betini Samudahyak Park]**

Contract Identification No: 01/katarimun/078-079

Date of publication: AD 30-07-2021 (2078-4-15)

1. The Government of Nepal [GoN] ***has allocated funds or received a loan/credit/grant*** from ***[GoN or Development Partner]*** towards the cost of [**Construction of Betini Samudahyak Park**] and intends to apply part of the funds to cover eligible payments under the Contract for **[Construction of Betini Samudahyak Park, 01/katarimun/078-079]**. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Katari Municipality*** invites electronic bids from eligible bidders for the construction of **[Construction of Betini Samudahyak Park]** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 42,000,000.00***
   - Minimum Work experience of similar size and nature: construction of 2 park including 720 cum of stone masonry wall
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***[Katari Municipality, Udayapur, ict.katarimun@gmail.com, 035-450296/292]*** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp**.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account of NRs**: 5000**/- as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank:Rastriya Banijya Bank — Name of Office : Katari Municipality
   Office Code no. :13-365-11 — Office Account no.: 2050100301010002
   Rajaswa (revenue) Shirshak no. Ga 1-1
6. Pre-bid meeting shall be held at ***[Katari Municipality]*** at ***[16-08-2021, 14.00 Hrs]***.
7. Electronic bids must be submitted to the office ***[Katari Municipality]*** by through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before ***12.00 Hours*** on ***29-08-2021.*** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14.00 Hours, 29-08-2021*** at the office of ***Katari Municipality***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs 980000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Katari Municipality**
**(Chief Administrative Officer)**